**सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल**

# स्थानीय राजपत्र

**खण्ड: ५** **संख्या :१६** **मिति: २०७८/१०/२६**

# भाग-२
# सानीभेरी गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

संम्बत् २०७८ सालको कार्यविधि नं.१२

## सानीभेरी गाउँपालिकामा सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।०७।११
प्रमाणीकरण मितिः २०७८।०७।१४

**प्रस्तावना :** सानीभेरी गाउँपालिका सहकारी ऐन, २०७४ को **दफा १०१** ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यी कार्यविधिको नाम "सानीभेरी गाउँपालिकामा सुपथ मूल्यका सहकारी पसल सञ्चालन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

**(क) "सहकारी संस्था"** भन्नाले सहकारी ऐन, २०७४ एवम् प्रचलित सहकारी कानून बमोजिम दर्ता भएका सहकारी संस्थालाई सम्झनु पर्छ।

सानीभेरी गाउँपालिका

**(ख) "पसल"** भन्नाले सुपथ मूल्यका सहकारी पसल सम्झनु पर्छ ।

**(ग) "अत्यावश्यक वस्तु"** भन्नाले दैनिक जीवनमा उपभोग हुने खाद्यान्न लगायत अन्य वस्तु सम्झनु पर्छ ।

**३. लक्षित समूह :** पसलका आफ्ना सदस्य बाहेक सुपथ मूल्यका पसल सञ्चालन गर्ने सहकारी संस्थाका लक्षित समूह देहाय बमोजिम हुनेछ :-

(क) दलित तथा आर्थिक रुपमा विपन्न बर्ग,

(ख) पिछिडिएका आदिवासी, जनजाति, महिला, सुकुम्वासी, हलिया तथा मुक्त कमैया,

(ग) भूमिहिन,

(घ) अन्य ।

**४. पसलबाट उपलव्ध हुने सेवा र वस्तु :** सहकारी संस्थाले देहाय बमोजिम कार्य गर्न सक्नेछ :-

(क) दाल, चामल, चिनी, आटा, मैदा लगायतका दैनिक उपभोग्य वस्तुहरु,

(ख) ससाना कृषि यान्त्रिक उपकरण र तिनका पार्टपूर्जा,

(ग) मलखाद तथा विउविजन,

(घ) सार्वजनिक संस्था वा सरकारी कार्यालयले वेचविखनका लागि उपलव्ध गराएका अन्य वस्तु तथा सेवाहरु,

(ङ) सञ्चार तथा इन्टरनेट सेवा

(च) चिकित्सकीय प्रेस्कीप्शन आवश्यक नपर्ने औषधिहरु, घरायसी सरसफाई सामग्रीहरु,

(छ) शैक्षिक सामग्रीहरु,

(ज) संस्थाले आवश्यक सम्झेको अन्य वस्तु वा सेवाको कारोवारहरु ।

(झ)तरकारी तथा पशुपन्छीजन्य उत्पादन

**५. आर्थिक अनुदान तथा अन्य अधिकार प्रदान गर्न सकिने :** (१) गाउँपालिकाले जनसंख्या, सेवा क्षेत्र, र आवश्यकताको समेत विश्लेषण गरी पसल सञ्चालन गर्ने गरी छनौट गरिएका सहकारी संस्थाहरुलाई आर्थिक अनुदान उपलव्ध गराउन सक्नेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपा लकाको स्वामित्वमा रहेका सार्वजनिक संस्थानहरुले उत्पादन वा बिक्री–वितरण गर्ने वस्तुको डिलरशिप वा गाउँपालिका क्षेत्रभित्र वितरणको एकाधिकार पसललाई दिनु पर्नेछ ।

मालीभौरी गाउँपालिका

**६. समन्वय समिति :** (१) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट अनुदान प्राप्त गरेका सहकारी संस्थाले बिक्री गर्ने अत्यावश्यक दैनिक उपभोग्य वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउन नगरस्तरमा देहायको एक समन्वय समिति रहनेछ :-

(क) अध्यक्ष —संयोजक

(ख) उपाध्यक्ष —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(घ) स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख —सदस्य

(ङ)आर्थिक विकास शाखा प्रमुख —सदस्य

(च) प्राशसन, योजना तथा अनुगमन शाखा प्रमुख वा प्रतिनिधि —सदस्य सचिव

(२) पसलले सर्वसाधारण जनतामा पारेको प्रभाव, अत्यावश्यक उपभोग्य वस्तुको आपूर्ति र पसल सञ्चालनमा देखिएका कठिनाई उपर छलफल गरी समितिले निराकरणको उपायहरु पहिचान गर्नेछ ।

(३) समितिको बैठक प्रत्येक तीन तीन महिनामा बस्नेछ ।

(४) समन्वय समितिले गरेका निर्णय कार्यान्वयनका लागि दफा ७ बमोजिम नगरस्तरिय पसल व्यवस्थापन तथा अनुगमन समिति गठन हुनेछ ।

**७. पसल व्यवस्थापन तथा अनुगमन समिति :** नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकााबाट पसल सञ्चालन गर्ने सहकारी संस्थालाई प्रदान गर्ने सहयोग रकमको वितरण तथा त्यसको व्यवस्थापन तथा अनुगमनका लागि उपयुक्त सहकारी संस्थाको छनौट गर्न देहाय बमोजिमको पसल व्यवस्थापन तथा अनुगमन समिति गठन गरिनेछ :-

(क) अध्यक्ष —संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत —सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना अधिकृतस्तरको कर्मचारी सदस्य

(घ) गाउँपालिकामा रहेको उद्योग वाणिज्य संघ शाखा कार्यालय प्रमुख सदस्य

(ङ) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख वा प्रतिनिधि — सदस्य सचिव

**८. पसल व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** सहकारी उपभोक्ता पसल व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) गाउँपालिका क्षेत्रको प्रत्येक १५ हजार जनसंख्याको वीचमा पर्ने गरी एउटाका दरले पसल सञ्चालन गर्ने सहकारी संस्थाको छनौट गर्ने,

(ख) पसलले बिक्री गर्ने अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरु निर्धारण गरी उपलब्ध गराउने व्यवस्था मिलाउने,

(ग) सिमित रुपमा उपलब्ध भएका वूस्तुहरुको वेचविखनका लागि कोटा निर्धारण गर्ने तथा समन्वय गर्ने,

(घ) अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको गुणस्तर जाँच गर्ने,

(ङ) सुपथ मुल्य पसल मार्फत आफ्नो वस्तु र सेवा वेचविखन गर्न चाहने सार्वजनिक तथा निजी संस्थाहरुको पहिचान र प्रोत्साहन गर्ने,

(च) पसल सञ्चालन गर्ने सहकारी संस्थाको अनुगमन गर्ने,

(छ) पसल सञ्चालन गर्ने सहकारी संस्थालाई आवश्यक सुझाव तथा निर्देशन दिने,

(ज) पसल सञ्चालन गर्न प्रवर्द्धनात्मक र सहजीकरण कार्य गर्ने,

(झ) नगरपालिकाबाट प्रदान गरिने अनुदान रकम भुक्तानी गर्ने र उपयोगको निरीक्षण गर्ने,

(ञ) राशन कार्ड व्यवस्था लागू गर्न समन्वय समितिलाई सहयोग र सुझाव दिने,

(ट) समन्वय समितिबाट निर्देशन भएका अन्य कुराहरु लागू गर्ने ।

**९.पसल सञ्चालन गर्न सक्ने सहकारी पसल सञ्चालन गर्न सक्ने सहकारी संस्थाहरु :** (१) देहायमा उल्लेखित सहकारी संस्थाले गाउँपालिकाको सहयोग प्राप्त गरी उपभोक्ता पसल सञ्चालन गर्न सक्नेछन :–

(क) उपभोक्ता सहकारी संस्थाहरु,

(ख) उपभोक्ता सहकारी संस्था नभएको स्थानमा कायम रहेका वहुउद्देश्यीय सहकारी संस्थाहरु,

(ग) वहुउद्देश्यीय सहकारी संस्था नभए अन्य विषयगत सहकारी संस्थाहरु ।

(२) अनुदान प्राप्त गर्ने सहकारी पसलको छनौट गर्दा उपदफा (१) मा उल्लेखित सहकारी संस्थाहरु मध्ये मजदुर/किसान/महिला/दलित तथा पिछडिएको वर्गद्वारा सञ्चालित सहकारी संस्थाहरुलाई प्राथमिकता दिनेछ ।

**१०. गाउँपालिकाबाट अनुदान प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु :**

(१) अनुदानको रकम प्राप्तिको लागि देहायका कागजातहरु पेश गर्नु पर्नेछ :–

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलीप,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) उपभोक्ता पसल सञ्चालन गर्ने सम्बन्धमा साधारण सभा वा सञ्चालक समितिको निर्णय,

(घ) सञ्चालककहरुको तीनपुस्ते विवरण,

(ङ) व्यवसायिक कार्य योजना,

(च) संस्थाले लगानी गर्ने पूँजी रकम,

(छ) प्रस्तावित पसलको प्रभाव क्षेत्रको अनुमानित उपभोक्ता संख्या ।

(२) गाउँपालिकाले देहायका कार्यहरुको लागि सहकारी संस्थालाई अनुदान दिन सक्नेछ :

(क) पसलबाट उपलब्ध हुने वस्तु वा सेवाको ढुवानीको लागि,

(ख) पसल सञ्चालनको लागि आवश्यक संरचना निर्माण गर्नको लागि,

(ग) दैनिक हिसाब राख्न एवम् आर्थिक कारोवारलाई पारदर्शि, प्रभावकारी र व्यवस्थित बनाउन आवश्यक सफ्टवेयर, कम्प्युटर लगायतका मेसीन उपकरण खरिद गर्न,

(घ) पसल संचालनको लागि कुनै भवन संरचना भाडामा लिनु परेमा सो वापत लाग्ने रकम,

(ङ) पसलमा नियुक्त हुने कर्मचारीहरुको पारिश्रमिक तथा सेवा सुविधा भुक्तानी ।

**११. उपभोक्ता कार्ड :** सहकारी संस्थाले गरिबीको रेखामुनि रहेका परिवारलाई गाउँपालिका कार्यालयबाट वितरण गरिएको कार्डको आधारमा अत्यावश्यक दैनिक उपभोग्य वस्तु सुपथ मुल्यमा उपलब्ध गराउनेछ । **१२. पसलको सञ्चालन र व्यवस्थापन :** (१) पसलको सञ्चालन र व्यवस्थापन सम्बन्धित सहकारी संस्थाको सञ्चालक समितिले गर्नेछ । सहकारी संस्थाको सञ्चालक समितिले पसलको सञ्चालन र व्यवस्थापनको लागि आवश्यक कार्यविधि आफैं बनाउनेछ ।

(२) सहकारी संस्थाले पसल सञ्चालनको दैनिक समय उपभोक्ताको सुविधालाई ध्यानमा राखी आफै निर्धारण गर्न सक्नेछ ।

(३) सहकारी संस्थाको सञ्चालक समितिले पसल सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीको नियुक्ति गर्ने, निजको पारिश्रमिक तथा अन्य सुविधा संस्थाको विनियमको अधीनमा रही तोक्न सक्नेछ ।

**१३. अभिलेख राख्ने:** (१) पसल सञ्चालन गर्ने सहकारी संस्थाले अन्य कुराका अतिरिक्त देहायका अभिलेख राख्नु पर्नेछः-

(क) खरिद तथा बिक्री खाता,

(ख) खरिद बिक्रिको दैनिक वही र नगद वही,

(२) सहकारी संस्थाले पसल सञ्चालन सम्बन्धी कारोवारको लेखा पारदर्शी ढंगले राख्नु पर्नेछ । गाउँपालिकाले मागेको समयमा संस्थाले उक्त लेखा पेश गर्नु पर्नेछ ।

**१४.मूल्य निर्धारण :** (१) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाको स्वामित्व प्राप्त सार्वजनिक संस्था वा कम्पनीबाट आपूर्ति हुने अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरुको बिक्रि मूल्य त्यस्ता सार्वजनिक संस्थान वा कम्पनीले तोकि दिए बमोजिम हुनेछ।

(२) सार्वजनिक संस्थान वा कम्पनीले यस्ता सहकारी संस्थालाई सो सामान बिक्री गरे वापत अन्य व्यापारिक संस्थालाई दिएको भन्दा थप कमिशन दिनु पर्नेछ।

(३) अन्य उपभोग्य वस्तुहरुको बिक्री मूल्य प्रचलित वजार भाउ भन्दा वढी नहुने गरी सम्बन्धित सहकारी संस्थासँग आवश्यक परामर्श गरी गाउँपालिकाले तोक्न सक्नेछ।

**१५. संस्थागत शेयर निर्माण : (१)** गाउँपालिकाले गरिब तथा विपन्न वर्गको सहकारीमा पहुँच बढाउन सुपथ मूल्यमा सहकारी पसल सञ्चालनको लागि छनौट भएका सहकारी संस्थाहरुमा गाउँ कार्यपालिकाको निर्णयानुसारको रकम बराबरको संस्थागत शेयर निर्माण गरिदिन सक्नेछ ।

(२) संस्थागत शेयर प्राप्त गर्न उपभोक्ता कार्ड प्राप्त गरेको वा गर्न योग्य गाउँपालिका भित्रको विपन्न वर्गभित्रको व्यक्ति हुनु पर्नेछ ।

(३) गाउँ कार्यपालिकाले सम्बन्धित वडा कार्यालय मार्फत सिफारिस भई आएका उपभोक्ता कार्ड प्राप्त गर्न योग्य व्यक्तिहरुको सम्बन्धमा छानविन गरी उपयुक्त देखिएमा सहकारी संस्थाको बैक खातामा शेयर बराबरको रकम जम्मा गरिदिने गरी निर्णय गर्न सक्नेछ । प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम एवम् नगर प्रमुख रोजगार कार्यक्रम अन्तर्गत बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत व्यक्तिहरुलाई समेत प्राथमिकताक्रमको आधारमा गाउँ कार्यपालिकाको निर्णयानुसार संस्थागत शेयर निर्माण र उपभोक्ता कार्ड वितरण गरी सुपथ मूल्यमा दैनिक उपभोग्य वस्तु तथा सेवा उपलब्ध गराउन सकिनेछ ।

(४) शेयर वापतको रकम सहकारी संस्थाको बीउ पुँजीको रुपमा शेयर धनीले झिक्न नपाउने शर्तमा जम्मा गरी सुपथ मूल्यका दैनिक उपभोग्य वस्तु तथा सेवा खरिद र विक्रि वितरण गरी पुनः सोही खातामा जम्मा हुने प्रयोजनार्थमात्र प्रयोग गर्नु पर्नेछ ।

(५) बीउ पुँजी वापतको शेयर रकम सहकारी संस्थाले अपचलन वा दुरुपयोग गरेमा वा उद्देश्य अनुरुप परिचालन नगरेमा उक्त शेयर वापतको रकम १० प्रतिशत ब्याजसहित गाउँपालिकाले गाउँपालिकाको संचित कोषमा दाखिला हुने गरी फिर्ता गरी उक्त सहकारी संस्थालाई कानून बमोजिम थप कारवाही गर्न सक्नेछ ।

मालीभगाउँपालिका

**१६. गाउँपालिका आफैंले सुपथ मूल्यका पसल सञ्चालन गर्न सक्ने :-** (१) माथि जुनसुकै कुरा उल्लेख भएतापनि गाउँपालिका आफैंले गाउँ कार्यपालिकाको निर्णयानुसार सुपथ मूल्यका पसल सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिका आफैंले सुपथ मूल्यका पसल सञ्चालन गर्नुपर्ने अवस्थामा आवश्यक जनशक्ति नगर प्रहरीको रुपमा करारमा नियुक्त गरी परिचालन गर्न सक्नेछ । करारमा नियुक्त गरिएका नगर प्रहरीको पारिश्रमिक गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ । सुपथ मूल्यका पसलमा खटिने नगर प्रहरी कर्मचारीहरुलाई गाउँ कार्यपालिकाको निर्णयानुसारको लाभांश समेत वितरण गरनेछ ।

(३) सुपथ मूल्यका पसल सञ्चालन गर्न आवश्यक भौतिक संरचना गाउँपालिका आफैले निर्माण गरी वा भाडामा प्रयोग गर्न सक्नेछ ।

(४) गाउँपालिका आफैले सञ्चालन गरेका सुपथ मूल्यका पसलबाट विक्रि वितरण गरिने दैनिक उपभोग्य वस्तुहरुको मूल्य गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५) सुपथ मूल्यका पसलहरु सहज र व्यवस्थित रुपले सञ्चालन गर्न गाउँपालिकामा एक सुपथ मूल्यका पसल सञ्चालन कोष स्थापना गरिनेछ ।

(६) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(७) कोषमा सुपथ मूल्यका पसल सञ्चालनको लागि संघीय सरकारबाट प्राप्त रकम, प्रदेश सरकारबाट प्राप्त रकम, गाउँपालिकाबाट विनियोजित रकम र अन्य व्यक्ति तथा संघ संस्थाहरुबाट प्राप्त रकम जम्मा गरी खर्च गरिनेछ ।

(८) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण इकाईबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

**१७. सहकारी संस्था दर्ता गराउनु पर्ने :** पसल सञ्चालन गर्न चाहने नयाँ सहकारी संस्थाले गाउँपालिकामा दर्ता गर्नु पर्नेछ।

**१८. यसै बमोजिम भएको मानिने :** शुपथ मूल्यका सहकारी पसल संचालन सम्बन्धमा यसअघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने ।

आज्ञाले,
नाम:भूपाल सिं विष्ट
प्रमुख प्रशासकीय अधिकृत

मालिका गाउँपालिका